# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१०।२० गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

----------------------------------------------------------------

मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा कार्यरत नायब सुब्बा ढक बहादुर कार्कीले जग्गा नामसारी गर्न सार्वजनिक मुचुल्का गरेबापत सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास, महोत्तरीबाट खटिई गएको टोलीले निजलाई सेवाग्राहीसँग रु.१०,०००।-(दश हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा जिल्ला महोत्तरी, गौशाला नगरपालिका वडा नं.-१ रामनगरबाट मिति २०७५।१०।१९ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता